उत्तरगया गाउँपालिका गाउँसभाको बैठकमा गाउँपालिका उपाध्यक्ष श्री चमेली गुरुङद्धारा

प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

२०८३ साल असार १० गते

## आ.व २०८३/०८४ को बजेट वक्तव्य

**सभाका अध्यक्ष महोदय, गाउँसभा सदस्यज्यूहरू, गाउँ कार्यपालिकाका पदाधिकारीज्यूहरू, विषयगत शाखाका प्रमुखज्यूहरू, सम्पूर्ण कर्मचारी मित्रहरू सञ्चारकर्मी, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरू**

सङ्घीय तथा प्रदेश सरकारले आर्थिक वर्ष २०८३/०८४ का लागि आ –आफ्ना नीति, कार्यक्रम तथा बजेट सार्वजनिक गरिसकेको सन्दर्भमा नेपालको संविधानको धारा ५९ को उपधारा (३) तथा अन्तर –सरकारी वित्त व्यवस्थापन ऐन , २०७४ को दफा २१ को उपदफा (३) बमोजिम स्थानीय सरकारको हैसियतले उत्तरगया गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु।

यस ऐतिहासिक एवं गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपालको लोकतान्त्रिक आन्दोलन , राष्ट्रिय स्वाधीनता, सामाजिक न्याय तथा नागरिक अधिकार प्राप्तिका लागि विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात –अज्ञात वीर शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै लोकतान्त्रिक आन्दोलन तथा परिवर्तनका क्रममा घाइते तथा बेपत्ता हुनुभएका नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु। राजनीतिक , सामाजिक तथा आर्थिक रूपान्तरणका लागि योगदान पुर्याकउनुहुने सम्पूर्ण अग्रज व्यक्तित्वहरूप्रति हार्दिक सम्मान प्रकट गर्दछु।

**सभाध्यक्ष महोदय,**

उत्तरगयाबासी जनसमुदायका आकांक्षा , आवश्यकता र विकासप्रतिको अपेक्षालाई केन्द्रमा राखी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक कार्यक्रम, योजना तथा बजेट यस सम्मानित सभा मार्फत सम्पूर्ण उत्तरगयाबासी नागरिकसमक्ष प्रस्तुत गर्न पाउँदा मैले आफूलाई अत्यन्त गौरवान्वित महसुस गरेको छु।

यस अवसरमा गाउँपालिकाको समग्र विकास यात्रामा निरन्तर सहयोग , सुझाव र सहकार्य प्रदान गर्नुहुने सम्पूर्ण गाउँपालिकाबासी, जनप्रतिनिधि, सरकारी तथा गैरसरकारी संस्थाहरू , नागरिक समाज, शिक्षक, कर्मचारी, पत्रकार, व्यवसायी, समाजसेवी तथा विकास साझेदारहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

**सभाध्यक्ष महोदय,**

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान , दीर्घकालीन राष्ट्रिय विकास सोच , सोह्रौं पञ्चवर्षीय योजना , उत्तरगया गाउँपालिकाको २० वर्षे गुरुयोजना , दोस्रो आवधिक योजना , आर्थिक वर्ष २०८३/०८४ को नीति तथा

कार्यक्रम, नेपाल सरकार तथा बागमती प्रदेश सरकारको बजेट वक्तव्य , साथै गाउँसभा सदस्यज्यूहरू तथा सरोकारवालाहरूबाट प्राप्त रचनात्मक सुझावहरूलाई मार्गदर्शनका रूपमा लिइएको छ।

उत्तरगया गाउँपालिकाको भौगोलिक विविधता , प्राकृतिक स्रोत –साधन, सांस्कृतिक सम्पदा , सामाजिक विशेषता तथा नागरिकका आवश्यकता र आकांक्षालाई आत्मसात् गर्दै सीमित स्रोत–साधनको न्यायोचित तथा समतामूलक वितरणमार्फत **"समृद्ध उत्तरगया, सभ्य र खुसी उत्तरगयाबासी"** भन्ने दीर्घकालीन सोचलाई साकार पार्ने उद्देश्यका साथ यो बजेट तर्जुमा गरिएको छ।

म विश्वस्त छु कि प्रस्तुत बजेट तथा कार्यक्रमले उत्तरगया गाउँपालिकाको आर्थिक , सामाजिक, पूर्वाधार, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य तथा सुशासनका क्षेत्रमा गुणात्मक परिवर्तन ल्याई समृद्धिको नयाँ अध्याय प्रारम्भ गर्नेछ।

**सभाध्यक्ष महोदय,**

आगामी आर्थिक वर्षको बजेटका उद्देश्यहरू स्पष्ट गर्ने अनुमति चाहन्छु। सीमित स्रोत–साधनको अधिकतम परिचालन गर्दै समग्र विकास , सुशासन तथा जनजीवनको गुणस्तर अभिवृद्धि गर्ने लक्ष्यका साथ प्रस्तुत बजेटका मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन्।

**क.** कृषि क्षेत्रको आधुनिकीकरण , व्यवसायीकरण तथा औद्योगिकीकरणमार्फत प्रतिस्पर्धी र बजारमुखी कृषि उत्पादनको प्रवर्द्धन गर्ने।

**ख.** गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवामा सबै नागरिकको सर्वसुलभ पहुँच सुनिश्चित गर्दै सेवा प्रवाहको निरन्तरता, पर्याप्तता, पारदर्शिता र प्रभावकारिता अभिवृद्धि गर्ने।

**ग.** उत्पादन तथा उत्पादकत्व वृद्धि गरी स्थानीय अर्थतन्त्रलाई सबल बनाउँदै आर्थिक आत्मनिर्भरता र दिगोपना हासिल गर्ने।

**घ.** उत्तरदायी, पारदर्शी तथा जवाफदेही शासकीय व्यवस्था स्थापित गर्दै सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गर्ने।

**ङ.** गाउँपालिकाभित्र रहेका पर्यटकीय , धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको पहिचान , संरक्षण, विकास र प्रवर्द्धन गरी आन्तरिक पर्यटन विकासमा विशेष जोड दिने।

**च.** सूचना प्रविधिमैत्री, नागरिकमैत्री तथा परिणाममुखी सार्वजनिक सेवा प्रणालीको विकास गरी सेवा प्रवाहलाई थप चुस्त, दुरुस्त, सरल र प्रभावकारी बनाउने।

यी उद्देश्यहरूको सफल कार्यान्वयन मार्फत "समृद्ध उत्तरगया, सभ्य र खुसी उत्तरगयाबासी" को दीर्घकालीन सोचलाई व्यवहारमा रूपान्तरण गर्ने विश्वास लिएको छु।

**सभाध्यक्ष महोदय,**

बजेटका उद्देश्यहरू हासिल गर्न देहाय बमोजिमका प्राथमिकताहरू निर्धारण गरेको छु :

१. साझेदारीमा आधारित कृषि तथा पशुपन्छी विकास कार्यक्रममार्फत कृषि उत्पादन, उत्पादकत्व तथा स्थानीय आयआर्जनमा अभिवृद्धि गर्ने।

२. आधारभूत शिक्षामा अनिवार्य तथा निःशुल्क पहुँच सुनिश्चित गर्दै माध्यमिक शिक्षासम्म निःशुल्क, गुणस्तरीय, प्रविधिमैत्री र सीपमूलक शिक्षाको प्रवर्द्धन गर्ने।

३. गुणस्तरीय स्वास्थ्य सेवाको सर्वसुलभ पहुँच सुनिश्चित गर्न टेलिमेडिसिन लगायत आधुनिक स्वास्थ्य प्रविधिको विकास, विस्तार तथा सुदृढीकरण गर्ने।

४. पर्यटन पूर्वाधारको विकास, संरक्षण, प्रवर्द्धन तथा बजारीकरणमार्फत स्थानीय आर्थिक गतिविधि र रोजगारी अभिवृद्धि गर्ने।

५. विपद् जोखिम न्यूनीकरणका लागि पूर्वानुमान, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभ क्षमताको विकास गर्दै विपद् संवेदनशील योजना तथा दिगो पूर्वाधार निर्माणलाई प्राथमिकता दिने।

६. प्रभावकारी, पारदर्शी, जवाफदेही तथा प्रविधिमैत्री सार्वजनिक सेवा प्रवाहमार्फत सुशासन प्रवर्द्धन गर्ने।

७. सबै प्रकारका विभेद, बहिष्करण तथा असमानताको अन्त्य गर्दै समावेशी, समन्यायिक र सन्तुलित विकास सुनिश्चित गर्ने तथा विकासका प्रतिफलमा सबै नागरिकको समन्यायिक पहुँच अभिवृद्धि गर्ने।

८. स्थानीय पूर्वाधार विकास, रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन तथा आर्थिक गतिविधिको विस्तारमार्फत दिगो आर्थिक समृद्धि हासिल गर्ने।

९. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति तथा अन्य लक्षित वर्गको सशक्तीकरण र सहभागिता अभिवृद्धि गर्ने।

१०. वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा प्राकृतिक स्रोत –साधनको दिगो व्यवस्थापनलाई प्राथमिकतामा राख्ने।

**सभाध्यक्षज्यू,**

अब म गत आ.व. २०८१।०८२ को यथार्थ, चालु आ.व. २०८२।०८३ को संशोधित अनुमान तथा आगामी आ.व. २०८३।०८४ को आय व्यय को अनुमान पेश गर्ने अनुमति चाहन्छु ।

गत वर्ष २०८१।०८२ मा ४२ करोड १५ लाख २७ हजार १ सय ५३ रुपैंया मात्र विनियोजन भएकोमा चालु खर्च तर्फ २१ करोड २३ लाख ७९ हजार ३ सय ७४ रुपैंया ४७ पैसा र पूँजीगत तर्फ १० करोड ४४ लाख ३२ हजार ३ सय २९ रुपैंया ९८ पैसा गरी जम्मा खर्च ३१ करोड ६८ लाख ११ हजार ७ सय ४ रुपैंया ४५ पैसा मात्र खर्च भई समष्टिगत रुपमा ७५.१५ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ।

यसै गरी चालु आ .व २०८२/०८३ को कुल बजेट रु . ४६ करोड ८ लाख ९४ हजार ४ सय १५ रुपैंया मात्र संशोधित अनुमान गरिएकोमा मिति २०८३ असार १० गते सम्ममा चालु तर्फ १७ करोड २७ लाख ३८ हजार ८ सय २३ रुपैंया ६० पैसा र पूँजीगत तर्फ ४ करोड १४ लाख ८३ हजार ८१ रुपैंया मात्र खर्च भई जम्मा खर्च २१ करोड ४२ लाख २१ हजार ९ सय ४ रुपैंया ६० पैसा भई समष्टिगत रुपमा ४६.४७ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आ.व २०८३।०८४ को लागि छनौट गरिएका मुख्य मुख्य योजनाहरुको विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

सङ्घीय सरकार सशर्त अनुदान अन्तर्गत आधारभुत अस्पताल (५ शैया) भवन निर्माणको लागि रु.२ करोड विनियोजन गरेको छु।

सङ्घीय सरकारको विशेष अनुदान मार्फत शीत भण्डार निर्माणको लागि रु. १ करोड ५ लाख विनियोजन गरेको छु।

सङ्घीय सरकार समपुरक अनुदान हुने गरी वडा नं १ र वडा नं ४ वडा भवन निर्माणको लागि रु . १ करोड ६१ लाख नेपाल सरकारबाट र १ करोड ७ लाख ३३ हजार गाउँपालिका तर्फबाट गरी कुल २ करोड ६८ लाख ३३ हजार विनियोजन गरेको छु साथै भाँगे झरना व्यवस्थापनको लागि रु.४० लाख नेपाल सरकारबाट र २६ लाख ६६ हजार गाउँपालिका तर्फबाट गरी कुल ६६ लाख ६६ हजार विनियोजन गरेको छु।

बागमती प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गत भूमीदेवी सामुदायिक पुस्तकालय भवन निर्माण उत्तरगया गाउँपालका वडा नं.३ को लागि रु . २० लाख, खड्कु पात्ले गुम्बाचेत सडक निर्माण उत्तरगया गाउँपालिका वडा नं.२ को लागि २० लाख, कृषि तथा पशुपन्छी फार्म प्रवर्द्धन कार्यक्रम उत्तरगया गाउँपालिका वडा नं.५ को लागि रु.१० लाख विनियोजन गरेको छु ।

बागमती प्रदेश सरकारको विशेष अनुदान मार्फत उत्तरगया गाउँपालिका वडा नं.३ को खेलमैदान निर्माणको लागि रु.५० लाख विनियोजन गरेको छु ।

बागमती प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान अन्तर्गत पैरवेशी भलायडाँडा सडक स्तरोन्नती वडा नं.४ को लागि रु.१ करोड २० लाख र गाउँपालिका तर्फबाट रु.८० लाख गरी कुल २ करोड विनियोजन गरेको छु, त्यसैगरी बागमती प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान अन्तर्गत शान्तिबजार (जिरो) पहिरेगाउँ भाँगेखोला सडक स्तरोन्नती वडा नं.२ को लागि रु.१ करोड २ लाख र गाउँपालिका तर्फबाट रु.६८ लाख गरी कुल कुल १ करोड ७० लाख विनियोजन गरेको छु।

कृषि तथा पशुपन्छी विकास उद्यमशिलता कार्यक्रमका लागि रु. ६५ लाख विनियोजन गरेको छु।

आगामी आर्थिक वर्षमा गाउँपालिकाको तर्फबाट तपसिल बमोजिम रहने गरी कार्यक्रम पेश गरेको छु।

<u>तपसिल</u>

| **क स** | **शिर्षक** | **रकम** |
|---|---|---|
| १ | उत्तरगया गाउँपालिका तर्फ | ५ करोड ६ लाख ५० हजार |
| २ | प्रशासनिक खर्च | १० करोड ५६ लाख ८९ हजार ९ सय ४० |
| ३ | मर्मत सम्भार विशेष कोष | ४० लाख |
| ४ | विपद् व्यवस्थाप कोष | ८३ लाख |
| ५ | उद्यम विकास विकास तर्फ | १० लाख |
| ६ | शिक्षा, युवा तथा खेलकुद तर्फ | १ करोड ९६ लाख ३६ हजार ६० |
| ७ | स्वास्थ्य तर्फ | १ करोड ४९लाख २ हजार |
| ८ | कृषि र उद्यमशिलता कार्यक्रम तर्फ | १ करोड ४ लाख ६४ लाख |
| ९ | महिला बालवालिका तथा जेष्ठ नागरिक तर्फ | २८ लाख ४० हजार |

| क स | शिर्षक | रकम |
|---|---|---|
| १० | पशु सेवा तर्फ | ३४ लाख ४४ हजार |
| ११ | स्थानीय न्याय समिति तर्फ | ४ लाख ५० हजार |
| १२ | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम तर्फ | १० लाख ६२ हजार |
| १३ | आयुर्वेद सेवा तर्फ | १४ लाख २५ हजार |
| १४ | वडा कार्यालय सञ्चालन तर्फ | २७ लाख |
| १५ | वडागत योजना | ४ करोड ५० लाख |

**सभाध्यक्ष महोदय,**

संघीयता कार्यान्वयन पश्चात् स्थानीय सरकारको भूमिका अझ व्यापक , उत्तरदायी तथा परिणाममुखी बन्दै गएको छ। असीमित आवश्यकता र चाहनाहरूका बीच योजना तथा बजेटको सान्दर्भिकता , औचित्यता र प्राथमिकताका आधारमा सीमित स्रोत–साधनको विवेकपूर्ण परिचालन गर्दै विकास प्रक्रियालाई अघि बढाउनु हाम्रो साझा दायित्व हो। यस्ता चुनौतीहरूका बाबजुद पनि सहकार्य, समन्वय र साझेदारीको भावनालाई आत्मसात् गर्दै उत्तरगया गाउँपालिकाले स्थानीय शासन तथा सेवा प्रवाहलाई सरल, सहज, पारदर्शी र पहुँचयोग्य बनाउँदै समुन्नत, समावेशी र उत्थानशील गाउँपालिकाको रूपमा विकास गर्ने लक्ष्य लिएको छ।

यस लक्ष्य प्राप्तिका लागि सम्पूर्ण गाउँपालिकावासी आम नागरिक , जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, विकास साझेदारहरू, सरकारी तथा गैरसरकारी संस्थाहरू , सामुदायिक संघ–संस्थाहरू तथा सरोकारवाला सबै पक्षमा सक्रिय सहभागिता, सहयोग र रचनात्मक सहकार्यका लागि हार्दिक आह्वान गर्दछु। प्रस्तुत बजेटको प्रभावकारी तथा सफल कार्यान्वयनका लागि सम्पूर्ण पक्षबाट प्राप्त हुने साथ, सहयोग र प्रतिबद्धताको अपेक्षा गरेको छु।

अन्त्यमा, यस बजेट तर्जुमा कार्यमा मार्गदर्शन प्रदान गर्नुहुने सम्माननीय अध्यक्षज्यू, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू तथा बजेट निर्माण प्रक्रियामा प्रत्यक्ष एवं परोक्ष रूपमा सहयोग पुर्यादउनुहुने सबै महानुभावहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु

धन्यवाद ।

**चमेली गुरुङ्ग**
**उपाध्यक्ष**